स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा राउतले चोभारस्थित मन्जुश्री पार्कमा सञ्चालनमा आएको क्यानोपी जिप लाईनको शुभारम्भ गरेकी छन् । उनले तीन स्टेसन रहेको क्यानोपी जिप लाइन चढेर मज्जा समेत लिइन् । दश मिनेट खेल्न समय लाग्ने ४ सय मिटरको क्यानोपीमा पहिलो चरणमा एडभेन्चर, दोस्रोमा डेयर डेभिल्स र तेस्रोमा द फन भन्दै खेलाइन्छ । 'फरक-फरक स्टेसनमा भिन्न एडभेन्चर महशुस हुँदा अझै धेरै मज्जा हुने रहेछ' मिडियासँग उनले भनिन् ।

**आजको विचार...**



प्रचण्ड...
(दुई पेजमा)

डम्बर खतिवडा



चर्चित गायक प्रकाश दूतराजलाई 'उत्कृष्ट युवा पुरस्कार २०२३' प्रदान गरिएको छ । नेपाल जेसीसले आफ्नो ५० औं राष्ट्रिय महाधिवेशनको अवसर पारेर बुटवलमा गायक दूतराजलाई नगद तथा स्वर्णपदकसहित युवा पुरस्कार प्रदान गरेको हो । साहित्य, संगीत तथा संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको भन्दै म्याग्देली ठिटो गायक दूतराजलाई उक्त पुरस्कार प्रदान गरिएको हो । पुरस्कार ग्रहण गरेसँगै यसले आफूमा अझ जिम्मेवारी बढेको महशुस भएको भन्दै उनले स्रोता-दर्शकहरुको मायालाई सधैं सम्हालेर राख्ने बताएका छन् ।

❑ वर्ष २९ ❑ अंक १४० ❑ २०८० पुस २ गते सोमबार 18 December 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आँधीले छाना खस्दा १३ को मृत्यु



(रासस/एएफपी)

**ब्युनस आयर्स,** पुस १/अर्जेन्टिनाको बन्दरगाह सहर बहिया ब्लाङ्कामा आधीले क्लवको छानो खस्दा १३ जनाको मृत्यु भएको छ । शनिबार शक्तिशाली आँधीमा परी खेलकुद क्लबको छाना खस्दा कम्तीमा १३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । मेयर कार्यालयको सूत्रका अनुसार भारी वर्षा र हावाका कारण स्केटिङ प्रतियोगिता भइरहेको बहिया ब्लाङ्काको छत खसेको थियो ।

'दुर्भाग्यवश आपत्कालीन सेवाले बहिन्से डेल नोर्टे क्लबमा १३ जनाको मृत्यु भएको पुष्टि गरेको छ', नगरपालिकाले विज्ञप्तिमा भनेको छ । अग्निनियन्त्रकहरूले भग्नावशेषमुनि फसेका मानिसहरूको उद्धारका लागि काम गरिरहेको पनि नगरपालिकाले जनाएको छ । उक्त सहरमा एक सय ४० किलोमिटर (८७ माइल) प्रतिघन्टाभन्दा पनि बढीको वेगले हावा चलेको बताइएको छ । तीव्रगतिको हावा आएसँगै केही भागमा बिजुलीसमेत गएको थियो ।

## अन्तर्राष्ट्रिय आप्रवासी दिवस

# सुधारिएनन् आप्रवासी कामदारका समस्या

रामचन्द्र रायमाझी

**पाल्पा,** पुस १/नेपालसहित विश्वभर आप्रवासी कामदारको हक-अधिकारको वकालत गर्दै हरेक वर्ष डिसेम्बर १८ लाई 'आप्रवासी कामदार दिवस'को रुपमा मनाइँदै आइएको छ । संयुक्त राष्ट्र संघले 'सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि' डिसेम्बर १८, १९९० मा पारित गरेको थियो । उक्त महासन्धि' पारित गरेको आज ३३ वर्ष पुगेको छ ।

महासन्धि पारित भएकै दिन डिसेम्बर १८ लाई स्मरण गर्दै आज विश्वव्यापी रूपमा 'अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस' मनाइँदैछ । सन् २००० देखि हरेक वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आप्रवासी दिवस मनाइए पनि यसले आप्रवासी कामदारको अवस्थामा भने खासै सुधार ल्याउन सकेको छैन । विदेशमा मजदुरी गर्नेको श्रम हिस्साले घरखर्च मात्रै चलेको छैन, राष्ट्रिय अर्थतन्त्रको आँकडा समेत बदलेको छ तर, लाखौं आप्रवासी मजदुरले भोग्नु परेका समस्या भने ज्यूका त्यू छन् । उनीहरुको अधिकार संरक्षणका लागि नेपालले केही प्रयास गरेको भए पनि कामदार भने समस्यामुक्त



हुन सकेका छैन । रोजगारीमा गएपछि भने अनुसारको काम र तलब नपाउने, कठिनपूर्ण काममा लगाइने, करार अवधि सकिएपछि पनि घर फर्कन नदिने जस्ता यातना कामदारले भोग्नु परेको गुनासो छ ।

गुल्मी इस्माका बलराम पन्थी ३ वर्ष अघि मलेसिया गए । उनलाई काठमाडौंको एक म्यानपावर कम्पनीले कपडा उद्योगमा काम लगाइदिने आश्वासनमा विदेश पठायो तर त्यहाँ पुगेपछि पन्थीले फलामको काम गर्ने कम्पनीमा काम गर्नु पर्‍यो । 'म्यानपावर कम्पनीले काम सजिलो र पैसा पनि राम्रै हुन्छ भनेर विदेश पठाए पनि सम्झौता अनुसार न काम पाइयो नत पैसा नै 'पन्थीले भने । अहिले उनले त्यो कठिनपूर्ण फलामको काम छाडेर साथीको सहारामा एक होटलमा काम गर्दै आएका छन् । पन्थी त एक प्रतिनिधि पात्र मात्रै हुन् । बिचौलियाबाट थुप्रै आप्रवासी कामदारहरु निरन्तर ठगिइरहेका छन् ।

म्यानपावर कम्पनीले मजदुरलाई झुट्टा आश्वासन र नक्कली सम्झौता बनाएर विदेश पठाउने अनि अवैध पैसा असुल्ने गरेका घटना भने नयाँ होइनन् । बेला-बेला सञ्चारमाध्यममा अनियमितताका यस्ता प्रकरण सार्वजनिक भइरहेका छन् । बिचौलियाहरू उता रोजगारदाता कम्पनीसँग निःशुल्क भिसाको सम्झौता गर्छन् र यता श्रमिकसँग अतिरिक्त रकम लिन्छन् । तलब सुविधाबारे विदेशी कम्पनीसँग एउटा सम्झौता गर्छन्, यता श्रमिकलाई देखाउन बढी तलब रकमको नक्कली कागज बनाउँछन् । त्यस्तो नक्कली सम्झौता देखाएर उनीहरूले ऋण काढेर विदेश जाँदै गरेका श्रमिकलाई लुट्न सम्म लुटेका छन् । हरेक वर्ष नेपालले लाखौं रकम रेमिट्यान्स मात्रै भित्र्याउँदैन, त्यसको बदलामा दर्जनौं नेपाली मजदुरको शव पनि बाकसमा भित्र्याइरहेको छ । नेपालबाट बर्सेनी चार लाखको हाराहारीमा वैदेशिक रोजगारीमा युवा जाने गरेका छन् ।

विदेशमा करिब ३० लाखको हाराहारीमा नेपाली कामदार रहेको अनुमान गरिए पनि आधिकारिक तथ्यांक नेपाल सरकारसँग छैन । मेनपावर व्यवसायीले अधिक रकम असुल्ने गरे पनि सरकारले चासो दिइको छैन । चासो दिएपनि आन्तरिक सेटिङमा कुरा मिल्ने पटक-पटकका अनुसन्धानले खुल्दै आएको छ ।

# 'समुदायमा काँग्रेस' अभियान



**पाल्पा,** पुस १/नेपाली काँग्रेसले सांगठनिक सुदृढिकरणका लागि 'समुदायमा काँग्रेस' अभियान सञ्चालन गर्ने भएको छ । काँग्रेसले आगामी पुस १६ देखि माघ १६ गतेसम्म वडा तहका पार्टी प्रतिनिधि परिचालन गरी अभियान सञ्चालन गर्ने भएको हो ।

काँग्रेसले अभियानका लागि ७७ वटै जिल्लामा प्रतिनिधि खटाई अभियान सञ्चालन गर्ने जनाएको छ । काँग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले 'समुदायमा काँग्रेस' अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । काँग्रेसले पार्टीलाई जनतासँग जोड्ने उद्देश्यसहित चरणवद्ध संगठन सुदृढीकरणका अभियानहरु सञ्चालन गर्दै आएको छ । जस अन्तर्गत गत साउन २० देखि ३० गतेसम्म आन्तरिक विशेष अभियान सञ्चालन गरेको काँग्रेसले अहिले फेरि 'समुदायमा काँग्रेस' अभियानको घोषणा गरेको हो । काँग्रेसले यस अघि १० भदौदेखि २४ गतेसम्म 'समुदायमा काँग्रेस' अभियानको घोषणा गरेको थियो । तर विविध कारणले सो अभियान स्थगित भएको थियो । यस्तै पुसमा हुने भनिएको महासमिति बैठक काँग्रेसले फागुनका लागि पुन सारेको छ । पटक-पटक विभिन्न बहानामा सर्दै आएको बैठक अब फागुन ७ देखि १० गतेसम्म गर्ने निर्णय भएको काँग्रेसले जनाएको छ । सभापति शेरबहादुर देउवाले राष्ट्रिय सभा सदस्य निर्वाचन र जाडो यामलाई कारण देखाएर बैठक सार्ने प्रस्ताव गरेका थिए । यसअघि पौष १६-१९ मा गर्ने निर्णय भएको थियो ।

# नारायणगढ–मुग्लिन सडक दैनिक चार घण्टा बन्द हुने

**चितवन,** पुस १/नारायणगढ-मुग्लिन सडकखण्डमा दैनिक चार घण्टा सवारी बन्द हुने भएको छ । सो सडकखण्डको तुइनखोलामा पुल बनाउन भित्तो काट्नुपर्ने भएकाले यही पुस ७ देखि सवारी बन्द गर्न लागिएको हो ।

बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडक बन्द गरेर काम गर्न लागिएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी ई कृष्ण आचार्यले जानकारी दिए । उनका अनुसार पहिलो चरणमा तीन हप्ताका लागि सडक रोकेर भित्तो काटिने छ । गत वर्ष सो ठाउँमा पुल निर्माणका लागि भित्तो काटिएको भए पनि कडा चट्टान भएकाले काम कठिन भएपछि विस्फोटका लागि रोकिएको थियो । विस्फोटको अन्तिम तयारी हुँदै गर्दा पुनः एकपटक सडक रोकेर काट्ने



तयारी गरिएको हो । शनिबार कुरिनटारमा चितवन, गोरखा र धादिङका प्रमुख जिल्ला अधिकारी सहितको उपस्थितिमा बसेको अन्तर जिल्ला बैठकले सडक रोकेर काम गर्ने निर्णय गरेको हो । सूचना अधिकारी आचार्यका अनुसार ६० मिटर अग्लो पहाड गत वर्ष २५ मिटर काटिएको छ । बाँकी ३५ मिटर 'रक स्पिलटर' र 'हाइड्रोलिन ज्याक हेम्भर' प्रयोग गरेर फोर्ने तयारी गरिएको छ । उनले भने, 'टनेल, खानी लगायतमा प्रयोग गरिने विधि प्रयोग गरेर अन्तिम प्रयास गर्दैछौं ।' यसबाट पनि फोर्न नसकिएमा अन्तिम विकल्पका रूपमा विस्फोट गराइने उनले जानकारी दिए । सो सडकका १९ पुलमध्ये चार पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो । अन्य कतिपय निर्माण सम्पन्न भएका छन् भने कतिपय अन्तिम चरणमा छन् । यो पुल भित्तो भत्काउन नसक्दा काम थाल्न सकिएको छैन । उनका अनुसार काली, नम्सी, रिग्दी, सिमलताल, भोर्ले, खोर, खहरे र जुगेडी पुल दुई महिनाभित्रमा सञ्चालनमा आउनेछन् । चारवटा एक महिनामै सञ्चालनमा आउने सूचना अधिकारी आचार्यले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२    पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## आप्रवासन श्रमिकका सरोकार

**आज डिसेम्बर १८ अर्थात् अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस । आप्रवासी कामदारका हकअधिकार प्रत्याभूतिका लागि विश्व समुदायलाई खबरदारी गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । नेपालमा पनि सरोकारवालाहरुको सहभागितामा सुरक्षित आप्रवासन सम्बन्धी सचेतना फैलाउने उद्देश्यले विभिन्न कार्यक्रमको आयोजना गरी दिवस मनाइँदैछ । सन् १९९० मा विश्व आप्रवासी कामदार र उनीहरुका परिवारको हक अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको अवसर पारेर यो दिवस मनाउने गरिएको हो । दिवसका अवसरमा नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ–संस्थाहरुले आप्रवासी श्रमिकहरुको अधिकार सुनिश्चतता सम्बन्धी कानुनको चर्चा र सरकार तथा राजनीतिक दलहरुलाई यी विषयमा ध्यानाकर्षण गराउँदै आएका छन् । आप्रवासी कामदारका पक्षमा विभिन्न सन्धि, महासन्धिको अनुमोदन गरिए पनि अझै पनि उनीहरु उचित मानवीय व्यवहारबाट बञ्चित हुँदै आएका छन् । न्यायमा पहुँच नहुनु, तोकिएको ज्याला नपाउनु, समयमै ज्याला नपाउनु, श्रमशोषण, यौनशोषण, कामबाट बिनाकारण निकालिनु, घरेलु हिंसाजस्ता समस्या आप्रवासी श्रमिकले भोग्नु परेको छ ।**

**विशेषगरी, गन्तव्य मुलुक र स्रोत मुलुकबीच आप्रवासी कामदारका सम्बन्धमा सम्झौता नहुनु तथा भएका सम्झौताको पनि इमानदारिताका साथ पालना नहुनुले समस्या उत्पन्न हुने गरेको छ । आप्रवासी कामदारको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, आप्रवासी कामदारको सेवासुविधाका बारेमा अन्तर्राष्ट्रिय मापदण्ड बनाइए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । देश प्रवासमा रहेका नेपालीले पठाएको रेमिट्यान्सले धानेको छ तर विडम्बना, तिनै श्रमिक तथा उनका परिवारको अधिकारका लागि संयुक्त राष्ट्रसंघ र आईएलओको महासन्धी अझै सरकारको एजेन्डा बन्न सकिरहेको छैन । नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारले भोग्ने पीडामा कमी आउन सकेको छैन । नेपालमा वर्षेनी आप्रवासी दिवस मनाइए पनि उनीहरुका समस्यामा कमी आउन नसक्नु दुःखद् हो । उनीहरुका मुद्दा उठाउन, तिनको कार्यान्वयन र अनुगमन गर्न सरकार चुक्नु हुँदैन । आप्रवासनमा काम गर्ने श्रमिकलाई यथेष्ट सम्मान, सुरक्षा र उत्प्रेरणा दिन आवश्यक छ । अब कामदारले पठाएको रेमिट्यान्सको हिसाब गरेर बस्नेमात्र होइन, तिनीहरूको पुँजी, सीप, दक्षता, व्यावसायिकता र जाँगरलाई विकासको मूलप्रवाहमा लगाउने कार्यक्रम बनाउनुपर्छ । दिवस केवल मनाउनका लागि होइन, विगतको समीक्षा, भविष्यको कार्ययोजना र कामदारको अधिकार, न्याय तथा नीतिगत तहमा पहुँचको लागि हुनुपर्छ । जबसम्म आप्रवासी कामदारका मुद्दाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा उठ्दैनन् र उठेका मुद्दा पनि कार्यान्वयन हुँदैनन्, तबसम्म दिवस मनाउनुले सार्थकता प्राप्त गर्दैन ।**

## Opinion @ Social Network

सपना फुल्ने रातहरुमा तिम्रा याद नआएको कुनै पल नै हुँदैन, तर दिनको सुरु भए पछि साच्चै लाग्ने यादहरु त्यही हिजोको जस्तै पुरानो एक अतित बनिदिन्छ ।
*(मञ्जिल मगरको फेसबुक स्टाटस https:/www.facebook.com/manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रचण्ड सरकारको एक वर्ष : हाँसको न बकुल्लाको चाल !



**डम्बर खतिवडा**

संसदीय लोकतन्त्रका कतिपय आफ्नै मान्यता र प्रचलन छन् । तिनैमध्ये एक हो– सरकारका कार्यकालको समीक्षा । कुनै सरकारले मधुमास भनिने १०० दिन, एक वर्ष वा समग्र कार्यकाल पूरा गर्दा त्यसको सार्वजनिक समीक्षा गरिन्छ । निश्चित मानक र मूल्य प्रणालीमा आधारित भएर सरकारका क्रियाकलापको मूल्याङ्कन गरिन्छ । सरकारले के राम्रो गर्‍यो, के नराम्रो गर्‍यो ? सरकारको समग्र रुझान, प्रयत्न र परिणाम के रफयो ? केलाइन्छ । सरकारका काम, रुझान र प्रयत्नले देशलाई कतातिर लैजन खोज्दैछ, त्यो अपेक्षित मार्ग हो कि हैन ? त्यो मार्गमा कुनै ठूलो दुर्घटनाको जोखिम छ कि छैन, लोकतन्त्रको गतिले निश्चित संगति, आधार र मर्यादा पक्रिदैछ कि छैन ? पूर्वानुमान र संपरीक्षण गरिन्छ । प्रचण्ड नेतृत्वको तेस्रो, विद्यमान सरकारले एक वर्ष पूरा गर्दैछ । गत वर्ष पुस १० गते बनेको थियो यो सरकार । एक वर्षअघिका घटनाक्रम जनताको स्मृतिमा ताजै छन्, ती सजिलै विस्मृत हुने खालका छैनन् ।

प्रधानमन्त्री प्रचण्डको पार्टी ( माओवादी केन्द्र) तत्कालीन पाँचदलीय गठबन्धनबाट चुनाव लडेको थियो । राजनीतिक भाषामा भन्दा 'प्रि–इलेक्सन एलाइन्स' मा थियो । तर, गठबन्धनको मुख्य दल नेपाली कांग्रेसले उनलाई प्रधानमन्त्री स्वीकार गर्न चाहेन । तुरुन्तै उनी बालुवाटारबाट दौडिदै बालकोट पुगे । विपक्षी गठबन्धनको मुख्य दल एमालेको समर्थन लिएर प्रधानमन्त्री खाए । त्यसअघिको पाँच वर्ष एमाले र अध्यक्ष ओलीसँग राजनीतिक रोड्याइँ गरेर बिताएका प्रचण्डलाई प्रधानमन्त्री पदका लागि ओली निवास पुग्न किञ्चित लज्जाबोध भएन । संसार लजायो तर प्रचण्ड लजाएनन् । माओवादी केन्द्रको नेतृत्वमा उनले राप्रपा, रास्वपा लगायतको सरकार बनाए तर त्यो गठबन्धन एक महिना पनि टिकेन । राष्ट्रपति निर्वाचनसम्म पुग्दा नपुग्दै उनी कांग्रेससँगकै सहकार्यमा फर्किएर अहिले १० दलीय गठबन्धनको सरकार चलाउँदैछन् । विद्यमान प्रचण्ड सरकारको यो पृष्ठभूमि बिर्सेर त्यसको मूल्याङ्कन तथा समीक्षा हुनै सक्दैन । प्रचण्डको यस्तो क्रियाकलापको त्यतिखेरै चर्को आलोचना भएको थियो । उनको यस्तो क्रियाकलापले संसदीय लोकतन्त्रको मूल्यप्रणाली र नैतिक आधारस्तम्भलाई धरासायी मात्र बनाएको थिएन, अवसरवादको पराकाष्ठा नै प्रस्तुत गरेको थियो । प्रचण्ड अवसरवादको यस्तो भद्दा प्रस्तुतिले 'प्रि–इलेक्सन एलाइन्स' र 'पोष्ट–इलेक्सन एलायन्स' बीचको राजनीतिक भिन्नतालाई समाप्त गरिदिएको थियो । संसदीय लोकतन्त्रको मर्यादा नमीठोसँग क्षयीकृत भएको थियो । आम नागरिक यो सरकार गठनको प्रक्रियाबाटै निराश र चिन्तित थिए । लोकतन्त्रले ठीक बाटो पक्रिएको छैन भन्ने बुझाइ सर्वत्र व्याप्त थियो । प्रचण्ड सरकारले लोकतन्त्रलाई पुर्‍याएको सबैभन्दा ठूलो नोक्सानी स्वयं यो सरकारको गठन प्रक्रिया थियो । यद्यपि सरकारले एक वर्ष पूरा गरेको छ । प्रचण्डको पहिलो सरकार ९ महिना र दोस्रो सरकार करिब १० महिना मात्र टिकेको थियो । तेस्रो सरकारले कम्तीमा १२ महिना पूरा गर्दैछ । उनका अघिल्ला सरकारसँग तुलना गर्ने हो भने सायद यही नै उनको तेस्रो सरकारको सबैभन्दा ठूलो उपलब्धि हो । अर्थात् यो सरकारको सबैभन्दा नकारात्मक पक्ष स्वयं सरकार गठन प्रक्रिया हो भने सबैभन्दा ठूलो उपलब्धि त्यसका बाबजुद सरकार एक वर्ष टिक्नु हो । कुनै पनि दल वा नेताको सरकारको समीक्षा तथा मूल्याङ्कन गर्ने मुख्य दुई वटा मापदण्ड हुन्छन्– ऐतिहासिकता र समकालीन कार्यभार । 'ऐतिहासिकता' को अर्थ त्यो पार्टी वा नेता कस्तो आन्दोलन, वैचारिकी, परिवेश, प्रतिबद्धता, संकल्प र दाबी सहित राजनीतिक मैदान र सरकारमा आएको थियो, सरकारमा आएपछि त्यसलाई उनले के–कति प्रमाणित वा पुष्टि गर्न सक्यो वा सकेन भन्ने हो । आफ्नो वैचारिकी र एजेण्डाको औचित्य पुष्टि गर्‍यो कि गरेन भन्ने हो । 'समकालीनता' को अर्थ उसका विचार, सवाल र दाबी के थिए एकक्षण छोडिदिऊँ, देशको तात्कालिक कार्यभार र आवश्यतालाई उसले सम्बोधन गर्न सक्यो कि सकेन भन्ने हो । प्रचण्ड सरकारको यो एक वर्षलाई पनि यिनै दुई आधारबाट हेर्न पर्दछ ।

### ऐतिहासिकता

नेपाली राजनीतिमा माओवादी दल र यसका मुख्य नेता प्रचण्डको उदय र अधपतनको कथा एक सामान्य संसदीय घटनाक्रम र औसत नियति–चक्रको खेल छँदै थिएन, जहाँ आएर यो खेलको त्रासद अन्त्य भएको छ । उनको राजनीतिक जीवनको मौलिकता करिअरको तीव्र लालसा र पद प्राप्ति, 'कम्युनिस्ट' पार्टीसँगको संलग्नता र जोखिमपूर्ण सक्रियता, चिनियाँ मोडेलको नयाँ जनवादी तथा सांस्कृतिक क्रान्तिको प्रस्तावना वा वैचारिक स्वीकारोक्तिबाट स्थापित भएको थिएन । न त मार्क्सवाद–लेनिनवाद–माओवाद जस्ता शास्त्रीय साम्यवादी सिद्धान्तमा विश्वास गर्ने 'कम्युनिस्ट पार्टी' लाई संसदीय लोकतन्त्रको खेलमैदानमा सुरक्षित अवतरण गर्नु गराउनु नै उनको कुनै मौलिक योगदान थियो । राजनीतिमा कति मान्छे लागे, कति सांसद, मन्त्री, प्रधानमन्त्री भए, त्यसको हिसाब कसले किन राख्छ ? प्रचण्ड प्रधानमन्त्री हुनु देश र जनताका लागि के महत्वको कुरा हो ? प्रधानमन्त्री त यो देशमा नगेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द र माधवकुमार नेपाल पनि भए । 'ऐतिहासिकता' ले त्यसको हिसाब नै कति राख्ला ? महत्व नै कति देला ? के प्रचण्ड नेतृत्वको त्यति जोखिमपूर्ण आन्दोलन त्यही प्रधानमन्त्री पदमा पुग्न र केही वर्ष 'जागिर खान' का लागि मात्र थियो ? प्रचण्ड न यो देशको पहिलो कम्युनिस्ट हुन्, न पहिलो कम्युनिस्ट प्रधानमन्त्री । देशमा प्रचण्डभन्दा धेरै अगाडिदेखि कम्युनिस्ट थिए । पुष्पलालले २००६ सालमा कम्युनिस्ट पार्टी गठन गर्नु अगाडि नै देशमा कम्युनिस्टहरू थिए । कम्युनिस्ट घोषणपत्र र नयाँ जनवादी क्रान्तिका पर्चा र पुस्तिकाहरू प्रचण्ड, उनका सहकर्मीले उल्था गरेका र नेपाली समाजमा छ्यापछ्याप्ती बनाएका हैनन्, त्यो काम पुष्पलाल पुस्ताले नै गरिसकेको थियो । प्रचण्डभन्दा अघि नै संसदीय चुनावबाटै एमाले नेता मनमोहन अधिकारी देशको पहिलो कम्युनिस्ट प्रधानमन्त्री भइसकेका थिए । त्यसलाई 'संसदीय भास' भन्दै, एमालेलाई 'संशोधनवादी गद्दार' भन्दै प्रचण्ड नेतृत्वको सशस्त्र संघर्ष सुरु भएको थियो । संयोगको कुरा हो कि अधिकारीको जस्तै प्रचण्डको पहिलो सरकार पनि अल्पमतको थियो र ९ महिना मात्रै टिकेको थियो । मोहनविक्रम सिंह, सीपी मैनाली जस्ता केही कम्युनिस्ट नेताले प्रचण्डभन्दा धेरै अगाडिदेखि सांस्कृतिक क्रान्तिको राजनीतिक लाइन समातेका थिए । प्रचण्ड नेतृत्वको जनयुद्ध भन्दा तीन दशक अघि उस्तै प्रकृतिको झापा विद्रोह भएको थियो । वर्गीय राज्य, सर्वहारा वर्गको अधिनायकत्व, राज्य–समाजवादी अर्थतन्त्र र एकदलीय कम्युनिष्ट प्रणालीमा विश्वास गर्ने कम्युनिस्ट पार्टीलाई बहुदलीय संसदीय लोकतन्त्रको ढाँचा र संस्कृतिमा ढाल्नु पनि प्रचण्ड–राजनीतिको मौलिक पाटो थिएन । त्यो काम २०१९ सालमै तुलसीलाल अमात्यले 'राष्ट्रिय जनवाद' को कार्यक्रम र २०४९ सालमा मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद' मार्फत गरिसकेका थिए ।

प्रचण्डपथको भाषामा यी 'ख्रुश्चोभपन्थी संशोधनवाद' र 'युरोकम्युनिज्म' थिए । मदन भण्डारी 'संशोधनवादका पछिल्लो केन्द्र' थिए । त्यसोभए प्रचण्डको राजनीतिको मौलिकता वा योगदान के थियो ? ऐतिहासिकताको दृष्टिकोणले उनको सरकारले पुष्टि गर्नुपर्ने दाबी वा प्रतिबद्धता के थियो ? सर्वसाधारणको भाषामा १७ हजार मान्छेको जीवन, करिब एक दशक लामो सशस्त्र युद्धका लागि राष्ट्रले चुक्ता गर्नुपरेको मूल्य प्रचण्ड नेतृत्वका तीन वटा सरकारसम्म आउँदा कहाँनेर प्रतिबिम्बित भयो ? के साम्यवादको सिद्धान्तमा भनिए जस्तो धनी–गरिब बराबर भए ? के गरिब र उत्पीडित जनताले शोषण र विभेदबाट मुक्ति पाए ? के क्रान्तिकारी भूमिसुधार भयो ? के दलाल तथा नोकरशाही पूँजीवादको अन्त्य भयो ? के शिक्षा–स्वास्थ्य नि:शुल्क भए ? के सबल राष्ट्रिय अर्थतन्त्रको निर्माण भयो ? के राजनीतिक अवसरवादको अन्त्य र मूल्यमा आधारित राजनीतिको स्थापना भयो ? के भ्रष्टाचारको अन्त्य र सुशासन कायम भयो ? के देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा बढ्यो ? के माओवाद र प्रचण्डपथको औचित्य स्थापित भयो ? 'माओवाद' र 'प्रचण्डपथ' प्रति कुनै वैचारिक गौरवको विरासत स्थापित भयो ? आज कसैले गौरव गर्छ यी विचारमा कि स्वयं प्रचण्ड त्यसलाई परित्याग गर्ने विन्दुमा छन् ? बाबुरामले त 'माओवाद' र 'कम्युनिष्ट' दुवै छोडिसके । स्वयं प्रचण्डले 'प्रचण्डपथ' छोडिसके । एमालेसँग एकता र नेकपा (नेकपा) निर्माणको कालखण्डमा माओवाद पनि छोडेकै हुन् । प्रचण्डको तेस्रो सरकारसम्म आइपुग्दा गणतन्त्र ल्याउन जनयुद्धले मद्दत गर्‍यो भन्नुबाहेक माओवादी आन्दोलनको कुनै सार्थकता सिद्ध भएको देखिन्न । माओवादी र त्यसका नायक प्रचण्ड सत्ता वा सरकारमा आएर केके न हुन्छ, 'नयाँ नेपाल' बन्छ, देशले एक दशकभित्रै सिंगापुर वा स्विट्जरल्याण्डको लक्ष्य हासिल गर्छ जस्ता भाष्यलाई प्रचण्ड सरकारले विल्कुलै बेतुक सिद्ध गरिदिएको छ ।

### समकालीनता

स्वयं आफैं आफ्नो 'ऐतिहासिकता' बाट पलायन भएको, वैचारिकीको विरासतप्रति आत्मगौरव गुमाएको, भरसक कसैले विगत नसम्झाइदिए हुन्थ्यो भन्ने हीनताबोधमा बाँचेको, निरन्तर कमजोर र धरासायी हुँदै गएको, प्रत्येक चुनावमा जनमत खुम्चिँदै गएको दल र नेतृत्वलाई किन सम्झाउने ऐतिहासिकता ? किन मनोवैज्ञानिक पीडा दिन ? भैगो ! यो पहिलो मापदण्डबाट प्रचण्ड नेतृत्वको तेस्रो सरकारलाई फार्से गरिदिउँ । क्षमादान वा उन्मुक्ति दिउँ । र, हेरौंदोस्रो मापदण्ड– समकालीन कार्यभारको दृष्टिकोणबाट । यतिखेर देशका समकालीन कार्यभार के हुन् त ? नि:सन्देह मुख्य पाँच वटा कार्यभार छन् ।

पहिलो– लोकतन्त्रलाई सघनीकरण गर्नु, सीमित र औपचारिक हुँदै गएको, दलतन्त्र, नेतातन्त्र, गुटतन्त्रमा संकुचन हुँदै गएको लोकतन्त्रलाई नयाँ आधार र जीवन दिनु । यसका लागि आवश्यक संवैधानिक तथा कानुनी सुधार गर्नु । शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार गर्नु । त्यसका लागि आम राष्ट्रिय सहमति हासिल गर्ने प्रयत्न गर्नु । राजनीतिक दल सम्बन्धी ऐन लगायतका प्रावधानमा थप लोकतान्त्रिक सुधार गर्नु ।

दुई– अर्थतन्त्रको पुनर्संरचना र आर्थिक संकट हल गर्नु । निरन्तर व्यापार घाटाको सामना गर्ने आयात तथा उपभोगमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउनु । राजस्वले चालु खर्च समेत धान्न नसक्ने, ऋण लिएर वित्तीय खर्च गर्नुपर्ने हालतको बजेट संरचना परिवर्तन गर्नु । गरिबी र बेरोजगारी अन्त्यका लागि सार्थक प्रयत्न गर्नु । लगानी र उद्यमशीलतामैत्री माहोल तयार गर्नु । तीव्र आर्थिक वृद्धि र समावेशी विकासको वातावरण बनाउनु । समन्यायिक वितरण र समतामूलक समृद्धिको लक्ष्य हासिल गर्ने प्रयत्न गर्नु । तेस्रो– सुशासनका लागि संस्थागत तथा प्रचलन र संस्कृतिगत सुधार गर्नु । कर्मचारीतन्त्रको पुनर्गठन, आर्थिक व्यवहारको पारदर्शीकरण र दण्डाधिकारी निकायको पुन:व्यवस्था गर्नु ।

चार– विभेदको अन्त्य र सामाजिक न्यायको प्रत्याभूतिका लागि ठोस कदम चाल्नु । संविधान जारी हुँदा बखतका राष्ट्रिय असन्तुष्टिलाई समेत दृष्टिगत गरी वित्तीय तथा प्रशासनिक संघीयता कायम गर्नु । यसका लागि आवश्यक संवैधानिक तथा कानुनी सुधार गर्नु ।

पाँच– भूराजनीतिक सन्तुलन र अन्तर्राष्ट्रिय विश्वसनीयता कायम गर्नु । एमसीसीमा माओवादी लगायतका कम्युनिस्टहरूको दोहोरो चरित्रले देशको अन्तर्राष्ट्रिय विश्वसनीयतामा जुन हानि पुग्यो, त्यसको क्षतिपूरण कसले गर्छ ? बीआरआई सम्झौता भएको ७ वर्ष पुग्न लाग्दा किन चीनले एउटा पनि परियोजना सुरु गरेन ? किन उल्टै महँगो ब्याजदरको पोखरा विमानस्थललाई नै बीआरआई हो भन्यो ? पोखरा र भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय व्यावसायिक उडान कुन भूराजनीतिक कारणले हुन नसकेका हुन् ? त्यसको समाधान के हो ? भारतसँगको सीमा विवादमा किन कुनै प्रगति छैन ?

***–अनलाइन खबर डटकम***

महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ ।
**वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला ।
**मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।
**कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ ।
**सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ ।
**कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ ।
**तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ ।
**वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ ।
**धनु** : आँटिको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
**मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् ।
**कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ ।
**मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ ।



# इन्जिनियरिङ अध्ययन : सन्निकटमा छ विद्यार्थी संकट

**नुनुता राई** :



इन्जिनियरिङ कलेजहरुले स्नातक तहका शैक्षिक कार्यक्रमका लागि धमाधम भर्ना लिइरहेका छन् । त्रिभुवन विश्व विद्यालयका साथै पूर्वाञ्चल, पोखरा, मध्यपश्चिम, काठमाडौं, सुदूरपश्चिम र मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गतका क्याम्पस तथा कलेजमा भर्ना प्रक्रिया चलिरहेको छ । नेपालमा ५३ वटा इन्जिनियरिङ कलेज सञ्चालनमा छ, जहाँ करिब ११ हजार विद्यार्थीका लागि सिट छन् । पटक पटक हुने प्रवेश परीक्षापछि योग्यताक्रमअनुसार भर्ना हुने भएकाले कति विद्यार्थी भर्ना भए भनेर यकिन गर्न माघ महिनाको मध्यसम्म कुर्नुपर्छ । पछिल्लो दिनमा चर्चा भए जस्तो विद्यार्थी अभाव भयो भन्न हतार हुन्छ । तर कक्षा १२ पास गर्नासाथ विदेश जाने प्रचलनको असर इन्जिनियरिङका शैक्षिक कार्यक्रममा पनि परेको देखिएको छ । त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान (आईओई) को पाँच आंगिक क्याम्पस र १० सम्बन्धनप्राप्त कलेजमा विभिन्न शैक्षिक कार्यक्रमका लागि ४ हजार ३१४ सिट छुट्याइएको छ । सबै सिटका लागि आईओई आफैंले प्रवेश परीक्षा लिन्छ र योग्यताक्रमअनुसार विद्यार्थीहरुको सूची निकाल्छ । आईओईका सहायक डीन प्रा. डा. सुशील बज्राचार्यका अनुसार पछिल्लो ५ वर्षमा भर्नाका लागि लिइने प्रवेश परीक्षामा सरदर १० हजार विद्यार्थी सहभागी हुने गरेका छन् ।

आईओईका अनुसार यो वर्ष ९ हजार ७०० ले प्रवेश परीक्षा दिएका थिए, जसमध्ये ६ हजार ७१५ को नाम निस्किएको छ । शुल्क कम र पढाइ राम्रो भएका कारण इन्जिनियरिङ पढ्न चाहने अधिकांश विद्यार्थीको पहिलो रोजाई पुल्चोक र थापाथली हुने गर्छ । त्यसपछि त्रिविकै अरु आंगिक क्याम्पसमा पढ्न चाहन्छन् । किनकी पाँच आंगिक क्याम्पसका २ हजार ४० सिटको ३१ प्रतिशत सिटमा छात्रवृत्ति हुन्छ । यसको शुल्क जम्मा ५६ हजार ७०० रुपैयाँ मात्र छ । बाँकी पूर्ण शुल्कीय सिटमा पनि ४ लाख ९० हजार (धरौटीसहित) रुपैयाँ मात्र खर्च लाग्छ । आंगिक क्याम्पसहरुले ११ देखि १६ लाख रुपैयाँसम्म लिन्छन् । त्यसैले विद्यार्थीहरु त्रिविकै आंगिक क्याम्पसमा भर्ना नपाएको अवस्थामा मात्र सम्बन्धनप्राप्त क्याम्पसतिर जाने गरेका छन् । त्यसैले आगामी माघ १७ मा भर्ना प्रक्रिया पूरा हुँदासम्म अधिकांश क्याम्पसमा सिटअनुसार विद्यार्थी भर्ना हुने इन्जिनियरिङ अध्ययन संस्थानका अधिकारीहरु बताउँछन् । आईओईबाट सम्बन्धन प्राप्त जनकपुर इन्जिनियरिङ कलेज, कुपण्डोलले भने गएको तीन वर्षदेखि सिटसंख्या (१९२) बराबर विद्यार्थी भर्ना गर्न सकेको छैन । दुई वर्षअघि सिट संख्याको ७० प्रतिशत भर्ना गरेको कलेजमा गत वर्ष ५० प्रतिशत मात्रै विद्यार्थी भर्ना भए । यो वर्ष कुल सिट संख्याको ३० प्रतिशत मात्रै विद्यार्थी हुने जोखिम रहेको कलेजका प्रिन्सिपल सागर श्रेष्ठ बताउँछन् ।

**अरुको अवस्था के छ ?**

पोखरा विश्वविद्यालयका १६ वटा कलेजमा इन्जिनियरिङका लागि ३ हजार ४५६ सिट संख्या छुट्याइएको छ । पोखरास्थित केन्द्रीय क्याम्पस बाहेक अरु कलेजमा विद्यार्थी अभाव हुन थालेको छ । परीक्षा नियन्त्रक तुलसीराम भण्डारीका अनुसार प्रवेश परीक्षामा नै विद्यार्थीको सहभागिता घटेको छ । पोखरास्थित केन्द्रीय क्याम्पसका लागि विश्वविद्यालयले आफैंले प्रवेश परीक्षा लिने गरेको छ भने सम्बन्धन प्राप्त कलेजले आफैं प्रवेश परीक्षा लिएर भर्ना गर्ने गरेका छन् । उनले भने, 'केन्द्रीय क्याम्पसको करिब ३ सय सिटको लागि २५०० सम्म विद्यार्थी प्रवेश परीक्षा दिन आउँथे । यो वर्ष ११०० बाट छान्नुपर्ने भयो ।' आफैं प्रवेश परीक्षा लिएर भर्ना लिने कलेजहरुमा त सिट संख्याअनुसार विद्यार्थी नहुने देखिएको छ । 'छात्रवृत्तिका लागि भर्ना कार्यक्रम समय नसकिएकाले कुन कलेजमा कति विद्यार्थी भर्ना भए भन्ने यकिन विवरण आउन बाँकी छ । तर सिटसंख्या अनुसार विद्यार्थी छैनन्', परीक्षा नियन्त्रक भण्डारी भन्छन्, 'कलेजहरुले निराश भइहाल्ने अवस्था नरहेको भनेका छन् ।' पूर्वाञ्चल विश्वविद्यालयको १८ वटा क्याम्पसमा इन्जिनियरिङ शैक्षिक कार्यक्रम सञ्चालनमा छ, जहाँ विभिन्न विधाका लागि दुई हजार ३६५ सिट छुट्याइएको छ । पूर्वाञ्चलका फ्याकल्टी अफ इन्जिनियरिङका डिन प्रा. देवीप्रसाद भट्टराईका अनुसार पछिल्लो केही वर्षयता भर्नाका लागि आवेदन दिने विद्यार्थीको संख्या निकै घटेको छ । गत वर्ष तीन हजार ३०० विद्यार्थीले भर्ना परीक्षाका लागि आवेदन दिएकोमा यो वर्ष जम्मा एक हजार ९०० अर्थात सिटसंख्या भन्दा कम सहभागी भए । उनका अनुसार विश्वविद्यालयले विभिन्न कारणले छुटेका विद्यार्थीहरुलाई लक्षित गरेर २१ पुसमा पुनः भर्ना प्रवेश परीक्षा सञ्चालन गर्दैछ । त्यसका लागि करिब ७ सय विद्यार्थीले आवेदन दिएका छन् । तर कतिपय सम्बन्धन प्राप्त कलेजले सिट संख्याअनुसार विद्यार्थी भर्ना गर्न सक्ने सम्भावना कम छ ।

मध्यपश्चिम विश्वविद्यालयले सिभिल, कम्प्युटर र हाइड्रोपावर इन्जिनियरिङ शैक्षिक कार्यक्रममा १४४ सिट छुट्याइएको छ । सिभिल इन्जिनियरिङको ४८ वटै सिटमा विद्यार्थी भर्ना भइसके । कम्प्युटर इन्जिनियरिङको ४८ मध्ये २० सिटमा भर्ना भएका छ भने हाइड्रोपावर इन्जिनियरिङतर्फ अहिलेसम्म ८ जना भर्ना भएका छन् । भर्ना प्रक्रिया चलिरहेकाले यो संख्या बढ्ने विश्वविद्यालय प्रशासनको अनुमान छ । तर पछिल्लो वर्षहरुमा प्रवेश परीक्षा दिन आउनेको संख्यामै अत्यधिक कमी आएको ग्रयाजुएट स्कुल अफ इन्जिनियरिङका डीन डा. सुदिप ठकुरी बताउँछन् । 'सुरुवातमा हजार जनासम्म प्रवेश परीक्षा दिन आएको देखिन्छ', उनले भने, 'यस पटक जम्मा २५० जना थिए । त्यसमा ३५ प्रतिशत मात्र उत्तीर्ण भए ।' सुदूरपश्चिम विश्वविद्यालयले सिभिल र कम्प्युटर इन्जिनियरिङ शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । दुई कार्यक्रममा ४८/४८ गरी ९६ वटा सिटसंख्या छुट्याइएको छ । भर्नाका लागि प्रतिस्पर्धा गर्ने विद्यार्थीको संख्या कम भएपनि सिट नै खाली राख्नु परेको छैन । विश्वविद्यालयका रजिष्ट्रार यज्ञराज पाठक भन्छन्, 'प्रतिस्पर्धी विद्यार्थी घटेको छ, तर, सिट नै नभरिने अवस्था छैन ।' विश्व विद्यालयको रेकर्डअनुसार कुनै समय ९६ सिटका लागि १२०० ले भर्ना आवेदन दिएको रेकर्ड छ, तर यस वर्ष जम्मा २५० जनाले आवेदन दिए ।

**सन्निकटमा छ संकट**

केही वर्षयता अन्य विधामा जसरी विद्यार्थीको अभाव भएको छ, इञ्जिनियरिङतर्फ त्यही अवस्था आइसकेको छैन । तर समस्या सन्निकटमा छ भन्ने चाहिँ संकेत मिलेको छ । त्रिविको इन्जिनियरिङ अध्ययन संस्थानका सहायक डीन प्रा.डा. सुशील बज्राचार्यका अनुसार आवश्यक जनशक्तिको प्रक्षेपण गरेर विश्वविद्यालय तथा कलेजलाई अनुमति दिनुपर्ने हो । 'तर हामीलाई देशभित्र कुन विषयको इन्जिनियर कति आवश्यक छ र विदेशमा कति खपत गर्न सकिन्छ भन्ने प्रक्षेपण नै भएको छैन', उनले भने । भटाभट कलेज खुलेका छन्, खुलिरहेका छन् । विश्वविद्यालयका पदाधिकारीहरुका अनुसार अहिले पनि विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनका लागि सम्बन्धन तथा सिटसंख्या थप गर्न माग गर्ने कलेजहरु धेरै छन् । तर जब बजारको आवश्यकताअनुसार जनशक्ति उत्पादन हुँदैन, पढाइ सकेपछि रोजगारी पाउन सक्दैनन् । जस्तो, २०७२ सालको भूकम्पपछि पुनर्निर्माणका काम अत्यधिक भयो । स्थानीय तहहरुमा पनि रोजगारीको अवसर भएकाले सिभिल इन्जिनियरिङ पढाउन कलेजहरुले सम्बन्धन लिए, भएका कलेजहरुले पनि सिट बढाए । तर पुनर्निर्माणको काम सकिएसँगै सिभिल इन्जिनियरहरु बेरोजगार हुन थालेका छन् । जनकपुर इन्जिनियरिङ कलेज, कुपण्डोलका प्रिन्सिपल सागर श्रेष्ठ भन्छन्, 'सरकारले पुँजीगत खर्च अनुसारको विकास निर्माणको कामहरु प्रभावकारी ढंगले अगाडि बढाउन सकेको भए बेरोजगार भइरहेका जनशक्ति खपत हुने थियो ।'

देशभित्र अहिले इन्जिनियरिङ शिक्षाको शैक्षिक वातावरण पनि बिथोलिएको छ । शैक्षिक क्यालेन्डर प्रभावकारी ढंगले लागू हुन सकेको छैन । यसै वर्ष शुल्क विवादमा इन्जिनियरिङ शिक्षाको भर्ना प्रक्रिया समयमा सुरु हुन सकेन । हिमालय कलेज अफ इन्जिनियरिङका प्रिन्सिपल किशोर गौतम भन्छन्, 'गत वर्ष १२ कक्षाको नतिजा आएको करिब एक वर्षपछि इन्जिनियरिङको पढ्न पाए । यो वर्ष पनि ६ महिनापछि बल्ल कक्षा शुरु हुँदैछ ।' आईओईले गत वर्षको पठनपाठन १६ वैशाखमा २०८० बाट सुरु गरेको थियो यो वर्ष शुल्क विवादका कारण २ माघदेखि सुरु गर्दैछ । अनि कक्षा १२ पास गर्नासाथ विदेश जाने लहर चलेको छ । किनकि त्यहाँ अध्ययनसँगै कमाउने अवसर देखेका छन् । 'हामी कहाँ पढाइ सकेपछि काम पाउन गाह्रो छ', आईओईका पूर्व डिन जीवराम पोखरेल भन्छन्, 'पढ्ने र कमाउने भएकाले पनि अमेरिका, अष्ट्रेलिया जस्ता देशमा जाने परिस्थिति सिर्जना भएको छ ।' त्यसैले विद्यार्थी मैत्री वातावरण निर्माण, उत्पादित जनशक्तिको रोजगारी सुनिश्चितता र विद्यार्थीहरु वैदेशिक अध्ययनमा किन आकर्षित भए भनेर घोत्लिने बेला भएको छ । आईओईका सहायक डीन प्रा.डा. बज्राचार्य पनि राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग तथा विश्वविद्यालयहरु सबै मिलेर उपाय खोज्नुपर्ने बताउँछन् । 'पहिलो कुरा त विद्यार्थीलाई रोजगारीको सुनिश्चितता हुनुपर्छ । किनभने अहिले जति पनि वैदेशिक अध्ययनमा गएका छन् उनीहरु पढ्दै कमाउन पाउने भएर गएका हुन्', उनले भने, 'अब हामीले त्यो उपाय नअपनाए झन विद्यार्थी घट्छ ।'

*-अनलाइन खबर डटकम*

# उच्च शिक्षा किन चाहँदैनन् युवा ?

**डा.गणेश प्रसाद घिमिरे**

विद्या र शिक्षामा तात्विक फरक छैन । सामान्यरूपमा हेर्ने हो भने शिक्षा र विद्याले समान अर्थ बोकेका छन् । यी दुबै शब्दको अर्थतात्विक आधार पनि खासै फरक छैन । शिक्षाले मानिसलाई कामकाजी बनाएर धनको पछि दौडाउँछ भने विद्याले मानिसको जीवनका हरेक आधारमा सहयोगी भूमिका दिएर संसारमा बाँच्न र जिउन सिकाउँछ । यही भिन्नतामा यी दुबै शब्द अडेका छन् । अर्थको दृष्टिले राज्य र विश्वविद्यालयको पाठ्यक्रममा केन्द्रित रहेर प्रमाणपत्रका लागि अध्ययन गरिन्छ त्यो शिक्षा हो । गुरुको सानिध्यमा गएर पाउने विद्या हो । विद्या र शिक्षाको अन्तरालमा हुँडलिएको नेपालको शिक्षा नीति सारै नमज्जाको देखिएको छ ।

आज पनि हाम्रो देशमा भिक्षा मागेर सन्त महन्तले चलाएका विद्यालय र गूरुकुलले जुन किसिमको विद्या दिएका छन् त्यो जीवनको संग्राममा अजेय देखिएको छ । विश्वविद्यालय र नेपाल सरकारले जुन किसिमको शिक्षालाई बजारमुखी बनाएर बजारमा फालेको छ त्यो शिक्षाले मात्र विदेशका गल्लीमा भौंतारिने जनशक्ति उत्पादन गरेको छ । नीतिगत निर्णय नगरी सनकका भरमा विश्वविद्यालय खोल्ने प्रवृत्तिले विश्वविद्यालय नै विद्यार्थीविहीन बनेका छन् । यही अवस्था नेपालको उच्च शिक्षा नीतिमा देखिए अबका केही वर्षमा देशमा उच्च शिक्षाका क्षेत्रमा कमजोर अवस्था देख्नुपर्नेछ । नेपाल सरकार र विश्वविद्यालयले दिएको शिक्षाले आजको युवालाई पुगेन र विदेशका गल्लीमा गइरहेको छ किन ? उत्तर कसले दिने हो ।

*शिक्षामा सुधार आवश्यक*

*अपूर्णः कोद्रपि कोशोद्रयं विद्यते तव भारती*
*व्ययतो वृद्धिमायाति क्षयमायाति सञ्चयात् ।।*

हे ! सरस्वती माता हजुरको कोष अत्यन्त अपूर्व छ । व्यय गर्दा वृद्धिलाई प्राप्त हुन्छ भने सञ्चय गर्दा दिनानुदिन घट्दै जान्छ । यसलाई विद्या भनिन्छ । यो विद्या हाम्रा ऋषिहरूले शिष्यप्रशिष्य गरी बाहिर ल्याए तर आजको अवस्था यस्तो रहेन । नेपालको शिक्षा नीतिलाई आधुनिक बनाउने नाममा राजनीतिले गाँजेको छ । राजनीति स्वस्थ हुनुपर्ने हुन सकेन । राजनीति व्यवस्थित हुनुपर्नेमा हुन सकेन । समाजको विकाससित शिक्षालाई विकासको आधार बनाउन सकेन नेपालको राजनीतिले । नेपालका सबै विश्वविद्यालय र उक्त विश्वविद्यालयमा अध्ययन हुने विषय र तिनले बहन गर्ने नीति पनि विशिष्ट खालको हुनु अनिवार्य थियो । विश्वविद्यालयमा प्राज्ञिक नेतृत्वको अनिवार्यता थियो । आवश्यक थियो उच्च शिक्षामा विशिष्टताको । आवश्यकता थियो देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको । आवश्यक थियो देशलाई उच्चतामा पुऱ्याउने जनशक्तिको तर नेपालको सन्दर्भमा त्यसो हुन सकेन । समाजको विकास त राजनीतिका माध्यमबाट भयो । पहिचानका आधारमा राज्यका सबै जातजातिलाई आरक्षणको पोल्टामा राखियो । नेपालको शैक्षिक अवस्था सुधारिएन । उच्च शिक्षालाई आधार मानेर गरिने अध्ययनले आजका विश्वविद्यालयको अवस्था जर्जर बनेर देखियो । विश्वविद्यालयका पदाधिकारीको नियुक्तिमा गरिने राजनीतिक भागबण्डा नै विश्वविद्यालयीय शिक्षाको ह्रासमा मुख्य आधार बन्यो । प्राज्ञले विश्वविद्यालय चलाउन सक्दैनन् भन्ने आधारलाई राजनीतिक तर्कका आधारमा पुष्ट्याइँ गर्ने परम्परामा हुर्केको नेपालको राजनीतिलाई कसले कुन अवस्थामा लैजाने हो त्यो अझ पनि हेर्न नै बाँकी छ । समाजको विकासमा देखिएको उच्च परिवर्तन र त्यो परिवर्तनले ल्याएको अवस्था आजको विकासमा टेवा बनेको छ । आजकलको युवा वर्ग समाजको उन्नति र प्रगतिमा सहायक हुने हो । आजको युवावर्गले देशको सामाजिक, राजनीतिक, आर्थिक विकासमा सहयोग र टेवा पुऱ्याउनुपर्ने हो तर त्यसो हुन सकेको छैन । नेपालको शिक्षानीतिले जुनकिसिमको शैक्षिक मान्यता र माहोल खडा गरिदियो जनशक्ति पलायन हुन बाध्य भयो । किन यस्तो अवस्था सिर्जना गरियो जानकार राजनीतिदलका कार्यकर्ता र नेता नै हुन् । विश्वविद्यालयको उच्च शिक्षामा सामान्य नेपाली तथा अंग्रेजीको पृष्टभूमि नभएका विद्यार्थीहरूले पनि नेपाली र अंग्रेजी विषयमा स्नातकोत्तर अध्ययन गर्न पाउने नीति ल्याइयो । यो नीति र यसकिसिमको मान्यताले विद्यार्थी संख्यामा तुलनात्मक ढङ्गले परिवर्तन होला ? वा नहोला ? त्यो हेर्न बाँकी नै छ । नेपाली साहित्य, भाषाका बारेमा सामान्य जानकारी राख्न नसक्ने विद्यार्थीलाई अध्ययन गराउँदा भाषाको अवस्था के होला ? सोचेको छ कसैले ? नेपाली भाषा साहित्यको अध्ययन नेपाली पृष्ठभूमि भएका अध्ययनार्थीका लागि मात्र खोलिनु आवश्यक थियो तर भएन । हामीले नेपाली सुहाउँदो वार्षिक प्रणालीलाई कुन कारणले सेमेष्टर प्रणालीमा लगियो । यसको सही र चित्त बुझ्दो उत्तर कसले दिने । नेपालीलाई शिक्षा दिएर शिक्षा पाएको जनशक्ति नेपालमा खपत गर्न किन सकिएन ।

नेपाली भाषा साहित्यको संरक्षणको चिन्ता हो भने सबै विषय ( संकाय) मा एक सय पूर्णाङ्कको नेपाली व्याकरण, भाषा, साहित्य र व्यावहारिक लेखनसहितको पाठ्यक्रम राख्न सरकारसित माग गरौं । लोकसेवा आयोगमा पचास पूर्णाङ्कको नेपाली विषय अध्ययन गर्ने व्यवस्थामा लागौं तर नलागौं सामान्य जानकारी नपाएको शिक्षार्थीलाई नेपाली विषयमा स्नातकोत्तर अध्ययनको खुला वातावरण दिन । हो साहित्य सिर्जना गर्ने साहित्यकारका लागि उपयोगी हुनसक्छ अध्ययनको आवश्यकता । सिर्जनाका हकमा साहित्यशास्त्रले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्य सिर्जनाका हेतु ( कारण) मानेको छ । त्यहाँ नेपाली भाषा साहित्य नै अध्ययन गर्ने व्यक्तिमात्र साहित्यकार हुन सक्छ भन्ने प्रमाण नै केन्द्र हो भन्ने होइन । त्यसैले नेपाली भाषा साहित्यको उच्च अध्ययनमा सामान्य जानकारी नपाएको व्यक्तिलाई अध्ययनको सुविधा दिनु नेपाली भाषा साहित्यका लागि नै घातक हुन सक्ने आधार देखिएको छ ।

नेपाली साहित्य भाषाका बारेमा सामान्य जानकारी नपाएको व्यक्तिले उच्च शिक्षा पाएर प्राध्यापक हुँदाका अवस्थामा विद्यार्थीलाई दिइने ज्ञानको भण्डार कति फराकिलो होला ? यो सोचनीय विषय हो । नेपाली भाषालाई मास्ने र नेपाली भाषा साहित्यको खिल्ली उडाउने प्रवृत्तिको विकास आजको त्रिभुवन विश्वविद्यालय नेपाली विभागलाई छ र ? नेपाली भाषाको संरक्षणमा लाग्ने विशिष्ट प्राध्यापकबाट नै यसकिसिमको निर्णय हुनुलाई पक्कै पनि एउटा नेपाली भाषा, साहित्यको सेवकले उचित मान्न सक्दैन ।

**नीतिमा परिवर्तन गरौं**

मानिसभित्रको अज्ञानतालाई हटाएर ज्ञानको फराकिलो फाँटमा विचरण गराउने आधार हो विद्या । मानिसलाई सैर्षमा उत्रन नदिने र देशको विकासभन्दा विदेशी रुपैयाँ र विदेशी नागरिक उत्पादन गर्ने शिक्षा । आज नेपालमा सोह्रवटा विश्वविद्यालय छन् । सबै विश्वविद्यलायको आफ्नो विशिष्टीकृत पहिचान छ । तर, विशिष्टीकृत पहिचानलाई भुलाउँदै विभिन्न विषयमा सम्बन्धन दिँदै जाने विश्वविद्यलायबाट उत्पादन भएको जनशक्ति किन पलायन भयो ? यसका बारेमा सोच्ने फुर्सद खोइ ? कसले सोच्ने । नीतिमा परिवर्तन गर्ने वा नगर्ने । आजको शिक्षार्थी दशजोड दुईको प्रमाणपत्र प्राप्त गरेपछि भाषाको कक्षा लिन हतारिन्छ किन ? उच्च शिक्षा लिन किन चाहँदैन त्यो युवा । यसको जवाफ कसले दिने । कसले खोज्ने यसका बारेमा । कसले सोच्ने यसका बारेमा । एउटा आमनागरिकले कि ? देशको सत्तालाई सम्हालिरहेका राजनीतिज्ञले । आजको शिक्षालाई हेर्ने हो भने एउटा सन्तले आरम्भ गरेको गुरुकुल, बौद्ध शिक्षा र मदरसामा विद्यार्थीको चाप बढ्नु तर सरकारी विद्यालयमा विद्यार्थीको अवस्था न्यून हुनु कसको दोष हो । विदेशले दिएको पैसाका भरमा देशको शिक्षा नीतिलाई परिवर्तन गर्ने हाम्रो राजनीतिक चिन्तन कत्तिको फराकिलो छ । विदेशले प्रवाह गरेको ऋण र अनुदानका आधारमा देशको उच्च शिक्षालाई समेत बेवास्ता गर्ने हाम्रो गन्तव्य कहाँ र कता ? यसको जवाफ आजको युवाले गणतन्त्रका नायक भन्नेसित मागिरहेको छ । गणतान्त्रिक मुलुक हो भन्दैमा देश सुहाउँदो शिक्षा नदिएर विदेशीको अनुदानका भरमा लिइने शिक्षा नीतिलाई परिवर्तन गरौं ।

गाउँको जीवन र सहरिया सभ्यतासित सुहाउँदो शिक्षानीतिलाई बाहिर ल्याउन सकौं । विश्वविद्यालयमा नियुक्ति गरिने पदाधिकारीलाई स्वतन्त्र तरिकाले आफ्ना नीति कार्यरूपमा ल्याउने अवसर दिने प्रयास गरौं । विनाकारण दबाब दिएर एउटा प्राध्यापकको मानमर्दन नगरौं । प्राध्यापक पनि पदाधिकारी बन्ने उद्देश्य लिएर नेताका कोठाचोटामा धाउन छोडौं । यदि यस किसिमको अवस्था सिर्जना भयो भनेमात्र देशमा शिक्षाको विकासमा विद्याले स्थान पाउन सक्छ । यो अवस्थाको सिर्जना हुन सकेन भने प्रतिवर्ष लाखौं विद्यार्थी र तिनीहरूले बोकेर जाने विदेशी मुद्राले नेपालको विकास त होइन आर्थिक जर्जरताको अवस्था सिर्जना हुने देखिन्छ । आज कलेजबाट निस्कने विद्यार्थीभन्दा म्यानपावरका अघि प्रवेशाज्ञा पाउनका लागि कुरिरहेका युवाहरूको ताँतीलाई हेर्दा नै देशको अवस्थामा मन कुँडिएको छ । देशलाई सबैभन्दा उच्चस्थानमा राखौं । व्यक्तिगत चाहना र ईच्छालाई कमजोर बनाऔं । नेपाली समाज र देश सुहाउँदो शिक्षालाई प्राथमिकतामा राखौं । आज विदेशिने विद्यार्थी त्यही देशको नागरिकका रूपमा बस्न चाहन्छ । अध्ययन गरेर नेपाल फर्कन चाहन्न किन ? श्रमस्वीकृति लिएर गएको युवा आफ्नो सम्पूर्ण श्रम र पसिना त्यही देशमा बेचेर फर्कन्छ । तर अध्ययनका लागि गएको युवाले देशलाई बिर्सन बाध्य छ । यो अवस्थाको सिर्जना नगरौं गणतन्त्रका पहरेदारहरू हो ।

*-इहिमालय टाइम्स डटकम*

# चुलिडाँडामा प्रेस चौतारीको घुम्ती बैंठक

## ६ बुँदे घोषणापत्र जारी गर्दै सकियो

**कृष्ण पोखरेल**—



**पाल्पा,** पुस १/प्रेस चौतारी नेपाल पाल्पा शाखाको पूर्वखोला गाउँपालिका-२ जल्पा ढोलिमाराको चुलिडाँडामा बसेको दुई दिने घुम्ती बैंठक सकिएको छ । बैठक ६ बुँदे घोषणापत्र जारी गर्दै सकिएको हो ।

बैंठबाट श्रमजीवी पत्रकारहरूको हकहित, पेशागत संरक्षण, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्माण भएका नीति, नियम, कानूनहरुको कार्यान्वयनका लागि दृढतापूर्वक उभिने चौतारीले संकल्प गरेको छ । बैठकले नेपाल पत्रकार महासंघले 'सार्वजनिक' गरेको सदस्यता शुद्धिकरण सूचीप्रति गम्भिर ध्यानाकर्षण भएको जनाउँदै महासंघले बनाएको १५ बुँदे शुद्धीकरण मापदण्डका आधारमा सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्न माग गरेको छ । प्रेस चौतारी नेकपा एमालेको शुभेच्छुक संस्था भएकाले पार्टीले गरेका सकारात्मक अभियानलाई प्रचार-प्रसार गरी जनमासमा लैजाने निर्णय पनि उसले गरेको छ । बैंठकले पाल्पाको पूर्वखोलामा ढोलिमारा क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएकाले स्थानीय कला संस्कृति, रहन सहन, भेष भुषा, अतिथी सत्कारको प्रचार-प्रसार गर्दै ग्रामिण पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने निर्णय गरेको छ । यस्ता उदयमान पर्यटकीय क्षेत्रमाहरुमा तीन वटै सरकारबाट पर्याप्त लगानी गर्नुपर्नेमा बैठकले जोड दिएको छ । घुम्ती बैंठकबाट संगठनलाई चुस्तदुस्त बनाउन सहयोग पुगेको, स्थानीय स्तरमा भएका गतिविधी प्रचार-प्रसारमा सहयोग पुगेको र आगामी दिनमा पनि घुम्ति बैठकलाई निरन्तरता दिने बैठकले निर्णय गरेको छ ।

बैठकमा पाल्पा क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य नारायण प्रसाद आचार्यले जनतालाई सहि सूचना प्रवाह गर्ने काम पत्रकारहरुको भएकाले वर्तमान सरकार भ्रष्टाचार, कमिसन, सुनकाण्डमा जोडिएको जनताको भावना विपरित काम गरेकाले भण्डाफोर गर्नुपर्ने बताए । उनले पूर्वखोलाको जल्पा पर्यटकीय हिसाबले धेरै सम्भावनायुक्त क्षेत्र रहेकाले यसको प्रचार-प्रसार गर्न पत्रकारहरुलाई आग्रह गर्दै पर्यटकीय गन्तव्यको रुपमा परिचित चुलीडाँडा, ढोलीमारा सामुदायिक होमस्टे, यहाँ उत्पादन हुने अम्रिसो र किवी खेती, यहाँका लोकसाँस्कृतिक झाँकी, करुवा र घाटु नाच, पञ्चेबाजा लगायत यस क्षेत्रको मौलिक सँस्कृतिको प्रचार-प्रसार गर्न आग्रह गरे । बैंठकमा लुम्बिनी प्रदेशसभा सदस्य खेमबहादुर सारुले जनताका दु:ख समस्या, ग्रामीण क्षेत्रको जनजिवनको पत्रकारहरुले निरन्तर कलम चलाउनु पर्नेमा जोड दिए । बैठकमा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश सह-इन्चार्ज कमलराज तिमल्सिना, गुल्मी इन्चार्ज मिलन बिश्वकर्मा, पत्रकार दलबहादुर गुरुङ लगातले प्रेस चौतारी पाल्पाले गरेका गतिविधीहरुको चर्चा गरेका थिए । वडा अध्यक्ष निरबहादुर सारु, गाउँपालिकाका सूचना अधिकारी मोहन ढकाल लगायतले सदरमुकाम छोडी पर्यटकीय स्टल ढोलिमारामा आई बैठक बसी यस क्षेत्रको प्रचार-प्रसार गरेकोमा खुसी व्यक्त गरे ।

चौतारी जिल्ला शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, उपाध्यक्ष बन्दना पोखरेलको स्वागत, सचिव नारायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पूर्वखोलामा जुनियर तथा यूवा रेडक्रस गोष्ठी



**पाल्पा,** पुस १/जिल्लाको पूर्वखोला गाउँपालिकामा जिल्ला स्तरीय जुनियर तथा यूवा रेडक्रस सर्कल गोष्ठी भएको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाको आयोजना र उद्धबुद्ध मावि तथा उद्धबुद्ध कलेजको आतिथ्यतामा गोष्ठी भएको हो ।

गोष्ठीमा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य नारायण प्रसाद आचार्यले रेडक्रसले गर्ने मानवीय कामहरु प्रशंसनिय रहेको बताए । उनले रेडक्रसमा मानवीय कामहरुमा आफु पनि सहभागी हुने अवसर पाएको उल्लेख गरे । विशिष्ट अतिथि पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले जिल्ला स्तरीय गोष्ठी पूर्वखोलामा आयोजना गरेकोमा रेडक्रसलाई धन्यवाद दिए । उनले आगामी दिनहरुमा रेडक्रससँग सहकार्य गरेर काम गर्ने समेत बताए । कार्यक्रममा रेडक्रस पाल्पा शाखाका सभापति बाबुराम कार्कीले रेडक्रसमा लागि सकेपछि सामाजिक भावनाको विकास हुने र मानवीय सेवामा लागिरहन मन लाग्ने धारण व्यक्त गरे । उनले विद्यार्थीहरुमा सामाजिक सेवाको भावना जागृत गराउनुको साथै लगनशिल र अनुशासन बन्न रेडक्रसका गोष्ठीहरुले महत्वपूर्ण भूमिका खेल्ने बताए । गोष्ठीमा शाखाका कोषाध्यक्ष सन्तोष खनाल, वडा नं. ३ का अध्यक्ष कृष्णप्रसाद भट्टराई, समाजसेवी निलकण्ठ न्यौपाने लगायतले गोष्ठीमा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह गरेका थिए ।

रेडक्रसका पाल्पा शाखा अधिकृत बिनोद भारती, सभापति बाबुराम कार्की, कोषाध्यक्ष सन्तोष खनाल, सदस्य हरिप्रसाद न्यौपाने, पदमराज पौडेल, सुदर्शन पाण्डे, अनुजा अर्याल लगायतले गोष्ठीमा रेडक्रसका सात आधारभुत सिद्धान्त, उत्पति, अभियान, जुयूरेसको काम कर्तव्य, अधिकार, प्राथमिक उपचार, रक्दान सचेतना, समूह कार्य, क्लाइमेट चेन्ज , कोष परिचालन, हाजिरिजवाफ जस्ता विषयहरुमा सहजीकरण गरेका थिए । कार्यक्रममा ५१ वटा विद्यालयको उपस्थित रहेको थियो । शाखाका जुनियर तथा यूवा रेडक्रस विकास समितिका संयोजक हरि प्रसाद न्यौपानेको अध्यक्षता, विद्यायलका प्रधानाध्यापक पिताम्वर न्यौपानेको स्वागत, सहायक प्रधानाध्यपक सुसिल न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो । रेडक्रसले स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय इकाइकहरुको समन्वयमा जिल्लाका विभिन्न क्षेत्रमा यस्ता गोष्ठीहरु सञ्चालन गर्दै आएको छ ।

खेलकुद समाचार

# यू-१९ एसिया कपको उपाधि बंगलादेशलाई




**काठमाडौं,** पुस १/एसीसी यू-१९ एसिया कप क्रिकेटको उपाधि बंगलादेशलले जितेको छ । फाइनलमा घरेलु टोली यूएईमाथि १ सय ९५ रनको फराकिलो जित निकाल्दै बंगलादेशले पहिलो पटक उपाधि जितेको हो ।

दुबईस्थित अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा २ सय ८३ रनको लक्ष्य पछ्याएको यूएई २४.५ ओभरमा ८७ रन बनाउँदै अलआउट भयो । पहिलो पटक यू-१९ एसिया कपको फाइनल पुगेको यूएई बंगलादेशको बलियो बलिङसामु धेरै टिक्न सकेन । यूएईका लागि ध्रुव परासरले सर्वाधिक २५ रनको पारी खेले । उनले ४० बलमा २ चौका प्रहार गर्दै अविजित रहे । ओपनर अक्शद रायले ११ रन बनाए भने अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । बंगलादेशका लागि मरुफ मिर्धा र रोहानत बोरसोनले समान ३/३ विकेट लिए । इकाबल र जिवोनले २/२ विकेट लिए । त्यसअघि ब्याटिङ गरेको बंगलादेशका लागि ओपनर ब्याटर आशिकुर शिब्लीले उत्कृष्ट १२९ रनको शतकीय पारी खेले । उनले १४९ बलमा १२ चौका र १ छक्का प्रहार गरेका हुन् । चोभुर रिजवानले ६०, तथा अरिफुल इस्लामले ५० रनको अर्धशतकीय पारी खेले । कप्तान महफुजुर रवीले २१ रन बनाए भने अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । यूएईका लागि अम्यान अहमदले सर्वाधिक ४ विकेट लिए । ओमिद रहमानले २ विकेट तथा हार्दिक पाई र ध्रुव परासरले १/१ विकेट लिए ।

अर्थ/कर्पोरेट समाचार

# साताको पहिलो दिनमै बढ्यो नेप्से



**पाल्पा,** पुस १/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । आइतबार नेप्से परिसूचक २७ दशमलव ७५ अंकले बढेको हो । एक दशमलव ३९ प्रतिशतले बढेसँगै नेप्से परिसूचक दुई हजार २२ दशमलव ३५ अंकको बिन्दुमा कायम भएको हो ।

दुई सय ९५ कम्पनीको एक करोड ७१ लाख ६६ हजार चार सय ६५ कित्ता शेयर एक लाख एक हजार एक सय २८ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब १५ करोड ७८ लाख ४६ हजार नौ सय ७९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बैंकिङ समूहको उपसूचक शून्य दशमलव ६७, म्यूचुअल फन्ड शून्य दशमलव ४२ र व्यापार समूह शून्य दशमलव २३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जलविद्युत समूह पाँच दशमलव ५५ र लगानी समूह तीन दशमलव १२ प्रतिशतले बढेको छ । ११ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । ह्याथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेड, श्री स्टार हाइड्रोपावर लिमिटेड, रावा इनर्जी डेभलपमेन्ट लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड र सगरमाथा जलविद्युत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । त्यस्तै, विन्ध्याबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेड, बलेफी हाइड्रोपावर लिमिटेड, शिवश्री हाइड्रोपावर लिमिटेड र रिदी पावर कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । आजको कारोबारमा सबैभन्दा धेरै हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ७७ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको रू २५ करोड १२ लाख ९० हजार सात सय ४६ बराबरको १७ लाख ८० हजार छ सय ३५ कित्ता शेयर किनबेच भएको छ ।

# नारायणगढ–मुग्लिन सडक...

...आठवटै पुल सञ्चालनमा ल्याउन दुई महिना लाग्छ । ती पुलको पहुँचमार्ग बनाउने र रङरोगन लगायतका काम भइरहेको छ । गत मंसिरमा डुम्रे, चिसेन्जी, तोपे र लामो बालुवाको पुल सञ्चालनमा आएको उनले जानकारी दिए ।

थप आठ पुल सञ्चालनमा आएपछि नयाँ बन्दै गरेका १५ पुलमध्ये दुईवटा मात्र बन्न बाँकी रहन्छन् । आचार्यका अनुसार खहरेको पुल छ महिनाभित्रमा सञ्चालनमा आउने छ । यसपछि एउटा पुलमात्रै बाँकी रहने छ । गतको हिउँदमा सडक रोकेर दुईवटा पुल बनाउन ढिस्को भत्काउन थालिएको थियो । सँगै भत्काउन थालिएको चिसेन्जी खोलाको आडको ढिस्को भत्काएर पुलसमेत निर्माण गरिसकिएको छ । यो ठाउँमा ४० मिटर अग्लो ढिस्को भत्काएर पुल बनाइएको हो । तुइनखोलाको ढिस्को भत्काउन नसकिएपछि विस्फोटका लागि प्रक्रियागत काम पूरा गर्न समय लागेकाले गत हिउँदमा नै विस्फोट गर्ने गृहकार्य गरिएको भए पनि काममा ढिलाइ भएको थियो । उनका अनुसार ढिस्को भत्काउन विस्फोटक पदार्थ ल्याउनका लागि अनुमतिप्राप्त भइसकिएको छ ।

आयोजनाले विभाग हुँदै गृह मन्त्रालय, रक्षा मन्त्रालय, पुन: गृह मन्त्रालय भएर अन्तिम अनुमति भारतीय राजदूतावासबाट पाएको जनाइएको छ । विस्फोटक पदार्थ ल्याउन केही ढिलाइ हुने भएपछि अन्तिम प्रयासको रूपमा भत्काउने तयारी गरिएको हो । विसं २०७६ चैत १० गतेबाट पुलको निर्माण थालिएको हो । पुलको लागत रु एक अर्ब २८ करोड छ । पछिल्लोपटक थप गरिएको म्याद यही पुस १० गते सकिँदैछ । अनक कन्सट्रक्सनले पुलको ठेक्का पाएको थियो ।

यो राजमार्गलाई एसियाली विकास बैंक (एडिबी)को सहयोगमा एसियन मापदण्डअनुसार बनाइएको हो । पुल ११ मिटर चौडा छन् । सडक विस्तार गरेसँगै नौ देखि ११ मिटर फराकिलो बनेको छ । राजधानी बाहिरिने र भित्रने प्रमुख सडकका रूपमा यो सडक रहेको छ । यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्छन् । *-रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई